नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

# अधिकृत क्याडेट पदको लागि दरखास्त आह्वान

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२९ गते)

१. नेपाली सेनामा रिक्त अधिकृत क्याडेट पद (सहायक सेनानी/उपसेनानी) खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि दरखास्त आह्वान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** बाट अनलाईन दरखास्त फाराम भरी सोको प्रिन्ट प्रति सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना छनौट केन्द्रमा दरखास्त पेस गर्न आह्वान गरिन्छ ।

२. **आवश्यक संख्या:** २८० जना ।

| विज्ञापन नं. | सेवा समूह | पदको नाम | सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तति | खुला तर्फ | समावेशीतर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाती | मधेसी | दलित | पि.क्षे. | |
| ०८३/८४/01 | सैनिक साधारण सेवा | अधिकृत क्याडेट | १४ | १४६ | २४ | ३९ | ३३ | १८ | ६ | २८० |

३. **दरखास्त पेस गर्ने मिति, समय र स्थान :**

(क) **दरखास्त मिति:** मिति २०८३/०४/२९ गतेदेखि मिति २०८३/०५/१८ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८३/०५/१९ गतेदेखि मिति २०८३/०५/२५ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेस गर्ने अन्तिम मितिको दिन सार्वजनिक बिदा पर्न गएमा उक्त मिति भन्दा पछाडिको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजश्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ ।

(ग) **स्थान:** आफूलाई पायक पर्ने तोकिएको भर्ना छनौट केन्द्र ।

| क.सं. | भर्ना छनौट केन्द्रहरु | सम्पर्क टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|
| १ | स्वयम्भु, काठमाण्डौ (केन्द्रीय भर्ना छनौट केन्द्र, श्री भर्ना छनौट निर्देशनालय) | ०१-५९७९४७८ | केन्द्रीय भर्ना छनौट केन्द्र |
| २ | ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) | ०२५-५८४९३३, ९८५२०८१७०४ | प्रारम्भिक भर्ना छनौट केन्द्रहरु |
| ३ | बर्दिवास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) | ०४४-५९००८१, ९८५४०२०७७२ | |
| ४ | हेटौडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) | ०५७-४१९०००, ०५७-४१९०१५, ९८६३०२८८८४ | |
| ५ | विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) | ०६१-४११६७५, ९८५६०११४३९ | |
| ६ | बुटबल, रुपन्देही (श्री मध्य पश्चिम पृतना हे.क्वा.) | ०७१-४१९२०९, ९८६३०२९१३७ | |
| ७ | निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) | ०८३-४१४०४५ | |
| ८ | तेघरी, कैलाली (श्री सुदूर पश्चिम पृतना हे.क्वा.) | ०९१-५५०७४२, ९७६२३०६५६१ | |

४. **दरखास्त दस्तुर:** सबै उम्मेदवारहरुले खुलातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत दस्तुर रू.१,०००।- (एक हजार) बुझाउनु पर्नेछ । तर सोही विज्ञापनमा समावेशीतर्फको समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि थप २०% का दरले दस्तुर लाग्नेछ । उल्लिखित दस्तुर आफुले आवेदन दिने भर्ना छनौट केन्द्रको नाम (कार्यालयको नाम, कार्यालय कोड, बैंक खाता नम्बर र राजश्व शीर्षक नम्बर भरी) मा जम्मा गर्नुभई सोको सक्कलै भौचर र प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ उम्मेदवार स्वयम्ले पेस गर्नुपर्नेछ ।

| क.सं. | भर्ना छनौट केन्द्र/कार्यालयको नाम | कार्यालय कोड | बैक/खाता नं. | राजश्व शीर्षक नं. |
|---|---|---|---|---|
| १ | श्री भर्ना छनौट निर्देशनालय | ३४५०१३५१३ | श्री नेपाल बैंक लिमिटेड<br>खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ |
| २ | श्री पूर्वी पृतना हे.क्वा. | ३४५०११४०६ | श्री राष्ट्रिय वाणिज्य बैंक<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री मध्य पूर्वी पृतना हे.क्वा. | ३४५०११८०८ | श्री राष्ट्रिय वाणिज्य बैंक<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ४ | श्री मध्य पृतना हे.क्वा. | ३४५०१३२११ | श्री नेपाल बैंक लिमिटेड<br>खाता नम्बर ००१०१००००००००१००१००१ | १४२२४ |
| ५ | श्री पश्चिम पृतना हे.क्वा. | ३४५०१३९०६ | श्री राष्ट्रिय वाणिज्य बैंक<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ६ | श्री मध्य पश्चिम पृतना हे.क्वा. | ३४५०१४८१० | श्री कृषि विकास बैंक लिमिटेड<br>खाता नम्बर ०१००२०१२७७००९०१६ | १४२२४ |
| ७ | श्री उत्तर पश्चिम पृतना हे.क्वा. | ३४५०१६८०३ | श्री राष्ट्रिय वाणिज्य बैंक<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |
| ८ | श्री सुदूर पश्चिम पृतना हे.क्वा. | ३४५०१७७०९ | श्री राष्ट्रिय वाणिज्य बैंक<br>खाता नम्बर १०००१००२०००१०००० | १४२२४ |

५. **आवश्यक योग्यता:**

**(क) शैक्षिक योग्यता:**

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०८३/८४/०१ | अधिकृत क्याडेट | (क) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरह उत्तीर्ण (अधिकृत क्याडेटको लागि)<br>(ख) स्नातक तह वा सो सरह उत्तीर्ण (स्नातक अधिकृत क्याडेटको लागि)<br>(अधिकृत क्याडेट तथा स्नातक अधिकृत क्याडेट दुवैको लागि | (क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागु हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा न्यूनतम GPA-२/CGPA -१.६ वा सो भन्दा माथि हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br>(ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाण पत्रको हकमा एस.एल.सी. (कक्षा १२) को शैक्षिक योग्यतामा GPA-१.६ वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । यस ग्रेडिङ्ग प्रणाली निम्न अनुसार लागु हुने:<br>(१) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरह उत्तीर्ण गरी अधिकृत क्याडेट पदमा निवेदन दिनेको हकमा प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरहको शैक्षिक योग्यतामा मात्र । |

| | | | |
|---|---|---|---|
| | | SEE परीक्षामा अनिवार्य गणित विषय लिएको हुनुपर्ने) | (२) स्नातक अधिकृत क्याडेटको हकमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यतामा मात्र ।<br>**(ग) स्नातक अधिकृत क्याडेटको सैनिक आधारभूत तालिम अवधि १२ (बाह्र) महिनाको हुने ।** |

**(ख) शारीरिक योग्यता:**

| क्र.सं. | विवरण | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | |
| २ | छाती | नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च | - | |
| ३ | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |
| ४ | आँखा | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । | | |

(ग) **अन्य योग्यता:** उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको हुनुपर्नेछ । साथै अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हद:**

(क) प्रमाणपत्र तह वा एस.एल.सी. (कक्षा १२) वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन १८ वर्ष पूरा भई २१ वर्ष ननाघेको (जन्म मिति २०६२।०५।१८ गतेदेखि मिति २०६५।०५।१८ गतेसम्म) हुनुपर्नेछ ।

(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको (जन्म मिति २०५९।०५।१८ गतेदेखि मिति २०६५।०५।१८ गतेसम्म) हुनुपर्नेछ ।

(ग) बहालवाला सैनिक उम्मेदवारहरुको हकमा दरखास्त पेस गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन २६ वर्ष ननाघेको (जन्म मिति २०५७।०५।१८ गते र सो पछि जन्म भएको) हुनुपर्नेछ ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि:**

(क) बहालवाला उम्मेदवारहरुबाट दरखास्त दिनेहरुको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै, दरखास्त पेस गर्ने अन्तिम मिति २०८३।०५।१८ गतेका दिन न्यूनतम सेवा अवधि २ (दुई) वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेस गर्नुपर्नेछ ।

८. **पेस गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु:** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवार स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेस गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुनेछैन । दरखास्त साथ पेस गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) एस.ई.ई.को ग्रेड सिट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ग) प्रमाणपत्र तह/एस.एल.सी. (कक्षा १२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ङ) नेपालका विद्यालय/विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधि हासिल गर्नेहरुको हकमा पाठ्यक्रम विकास केन्द्र वा त्रिभुवन विश्वविद्यालय वा विश्वविद्यालय अनुदान आयोगबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

(च) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाणपत्रहरु भएमा ।

(छ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दागर्दै कुनै शारीरिक चोटपटक लागी सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरुको हकमा निम्न थप कागजातहरु सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेस गर्नुपर्नेछ:**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगति/कर्तव्य पालनाको सिलसिलामा मृत्यु/अशक्त भनि उल्लेख भएको बेहोराको प्रमाणित प्रतिलिपि प्रति-१ (एक) ।

(२) बहालवाला सैनिकको हकमा **"सैनिक सेवा नियमावली, २०६९"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति-१ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति-१ (एक) ।

९. **फोटोग्राफ**: उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ।

(क) पासपोर्ट साईजको फोटो प्रति-४ (चार)।

(ख) २X२ साईजको फोटो प्रति-१ (एक)

१०. **सम्पर्क मिति**: २०८३।०५।३१ गतेको ११०० बजे दरखास्त पेस गरेको सम्बन्धित भर्ना छनौट केन्द्रमा।

११. **छनौट प्रक्रिया**:

(क) उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग तथा प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक परीक्षा, आई.क्यू. परीक्षा, लिखित परीक्षा (लोक सेवा आयोगबाट सञ्चालन हुनेछ), गुणमापक परीक्षा (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स), विस्तृत स्वास्थ्य परीक्षण र बोर्ड अन्तर्वार्ता हुनेछ।

(ख) भर्ना छनौट प्रक्रिया अन्तर्गत लिइने वियरिङ्ग परीक्षाको विस्तृत मापदण्ड वेबसाईटको विज्ञापनमा हेर्न सकिनेछ।

(ग) प्रारम्भिक भर्ना छनौट केन्द्रमा दरखास्त पेस गर्ने उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत वियरिङ्ग देखि लिखित परीक्षासम्म दरखास्त पेस गरेको सम्बन्धित प्रारम्भिक भर्ना छनौट केन्द्रमा हुनेछ र बांकी रहेका अन्य परीक्षाहरु श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डाले तोकेको स्थानमा सञ्चालन हुनेछ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु**: नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार।

१३. **अन्य शर्तहरु**:

(क) **नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेस गर्नुपर्नेछ।**

(ख) समावेशी तर्फका पुरुष उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेसी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन्। तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन। साथै, पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन्।

(ग) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ।

(घ) उम्मेदवारहरु (बहालवाला बाहेक) अविवाहित हुनुपर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) आवेदकले एक मात्र भर्ना छनौट केन्द्रबाट आवेदन दिन पाइनेछ ।

(च) अन्य शर्तहरु नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र **Recruitment & Selection** वा आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा गई हेर्न सकिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी:**

(क) मोबाईल/कम्प्युटरको ब्राउजर खोली नेपाली सेना भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** मा रहेको **RECENT VACANCY** (नेपाली सेनामा पदपूर्ति सम्बन्धी सूचना) सेक्सनमा गई अधिकृत क्याडेट पदको विज्ञापनमा रहेको **"APPLY"** मा **Click** गर्ने ।

(ख) आवेदकले अनलाईन फाराममा रहेको योग्यता फाराममा आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण, शैक्षिक योग्यताको विवरण, भर्ना केन्द्रको विवरण र नागरिकताको विवरण भरेपश्चात आउने अनलाईन पेमेन्ट गेटवेको माध्यमबाट अनलाईन भुक्तानी गरी प्राप्त हुने भौचर र व्यक्तिगत विवरण फाराम सेभ गरी प्रिन्ट गर्ने ।

(ग) उक्त प्रिन्ट गरेको भौचर तथा व्यक्तिगत विवरण फाराम, अन्य आवश्यक कागजात र फोटो सहित आफूले छनौट गरेको भर्ना छनौट केन्द्रमा तोकिएको मिति भित्र उपस्थित हुनुपर्नेछ ।

(घ) यदि कुनै उम्मेदवारले अनलाईनबाट मात्र निवेदन फाराम **Submit** गरेर सोको प्रिन्ट सहितको फाराम भर्ना छनौट केन्द्रमा नबुझाएको अवस्थामा सो **अनलाईनबाट मात्र Submit गरेको फारामलाई मान्यता दिईने छैन** ।

(ङ) अनलाईन फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै, **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । साथै, थप केहि जानकारी लिनु परेको अवस्थामा सम्बन्धित भर्ना छनौट केन्द्रको सम्पर्क नम्बर वा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

१५. **विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१६. यस विज्ञापनको विस्तृत विवरण तथा छनौट परीक्षा सम्बन्धी सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **https://vacancy.nepalarmy.mil.np** भित्र **VACANCY & REQUIREMENTS** मा र अधिकृत क्याडेट पदको पाठ्यक्रम **ARMY SYLLABUS** मा हेर्न सकिनेछ । साथै, थप जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने प्रारम्भिक भर्ना छनौट केन्द्र वा श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९४७८ मा कार्यालय समयभित्र सम्पर्क गर्न समेत सूचित गरिन्छ ।

(रोज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक